आज मिति २०८० माघ २९ गते सोमबारका दिन दिउँसो ३:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

प्रस्ताव नं. १ :- नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्/संकलन कार्यमा मेशिनरी उपकरण प्रयोग गर्न अनुमति प्रदान गर्ने सम्बन्धमा ।

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिकाको आन्तरिक आयको ठेक्का नं. JRM/IR/01/2080/081 र JRM/IR/02/2080/081 को लागि प्रारम्भिक वातावरणीय परीक्षण अद्यावधिक प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरु गोरुङ्गे घाट वडा नं.९, बलचौर घाट वडा नं. ९, मुनुवा ठाँडा (कालिका सामुदायिक वन) को पूर्वतिर वडा नं. ९ र शिवशक्ति सामुदायिक वन देखि पूर्वतिरको घाट वडा नं.९ बाट साधारण निर्माणमुखी नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्/संकलन कार्य गर्न पानीको बहाव धेरै भएकोले सो क्षेत्रमा पानीको बहाव कम गर्न, उत्खनन्/संकलन क्षेत्रसम्म पुग्न पहुँच मार्ग निर्माण गर्न र हातले उत्खनन् कार्य गर्न नसकिने अवस्था देखिएकोले उक्त कार्यका लागि सम्बन्धित ठेक्काका ठेकेदारहरुलाई मेसिनरी उपकरण प्रयोगका लागि IEE प्रतिवेदनको पूर्णरुपमा पालना हुनेगरी जानकी गाउँपालिकाको स्थानीय अनुगमन समितिको सिफारिस बमोजिम ठेक्का सम्झौता अवधिसम्मको लागि उक्त क्षेत्रमा मेसिनरी उपकरण प्रयोग गर्न दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ :- नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सम्बन्धमा ।

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा नवप्रवर्तनमा आधारित स्थानीय विकासको माध्यमबाट स्थानीय क्षेत्रमा समावेशी, जलवायु अनुकूलन र दिगो आर्थिक विकासलाई प्रवर्द्धन गर्न, उत्पादन र उत्पादकत्व बृद्धि गरी स्थानीय उद्यमशीलता अभिबृद्धि गर्न एवम् रोजगारी र आय बृद्धि गर्न निजी क्षेत्र, सामुदायिक क्षेत्र तथा सहकारी क्षेत्रलाई अधिकतम परिचालन गर्दै यस जानकी गाउँपालिकामा स्थानीय आर्थिक बृद्धि हासिल गर्न नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ :- जानकी गाउँपालिका अन्तर्गत रहेका व्यवसाय दर्ता/नविकरण सम्बन्धमा ।

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गत संचालनमा रहेका तर दर्ता तथा नविकरण नभएका व्यावसायहरुलाई गाउँपालिकाको घुम्ती टोली परिचालन मार्फत दर्ता तथा नविकरण गरी गाउँपालिकाको आन्तरिक राजश्वको दायराभित्र समेट्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ :- किसान सूचीकरणका लागि वडा छनौट सम्बन्धमा ।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.ब. २०८०/०८१ का लागि सङ्घीय सरकारद्वारा हस्तान्तरित कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.१५.१२९ किसान सूचीकरण कार्यक्रम संचालनका लागि यस जानकी गाउँपालिकाको ६ नं. वडालाई छनौट गर्ने र किसान सूचीकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

२०८०।१०।२९

गणेश चौधरी

अध्यक्ष

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दुर्गौली, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्ताव नं. ५ :- खद्यान्न बालीको उत्पादनमा आधारित अनुदान कार्यक्रमको अपुग बजेट र गत आ.ब.को कृषि सुधार कार्यक्रमको भुक्तानी बाँकी रकम व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. ५ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.ब. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम खद्यान्न बालीको उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि अपुग रकम र गत आ.ब. २०७९/०८० मा सम्पन्न भएको कृषि सुधार कार्यक्रमको भुक्तानी हुन बाँकी रकम व्यवस्थापनका लागि आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिमको कार्यक्रम संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल:-

| क्र.स. | आयोजना तथा कार्यक्रमको नाम | गाउँसभाबाट विनियोजित रकम रु. | आयोजना कार्यान्वय विधि | क्र.सं. | संशोधित आयोजनाको नाम | आयोजना स्थल | संशोधित आयोजनामा विनियोजित रकम रु. | संशोधित आयोजना कार्यान्वयन विधि | साविकको आयोजनामा बाँकी रकम | बजेटको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | कर्मचारी को सामाजिक सुरक्षा कोष खर्च | २३,८४,९२६।- | कार्यालय / सोझै खरिद | १. | खद्यान्न बालीको उत्पादनमा आधारित अनुदान कार्यक्रम | जानकी गाउँपालिका | ७,००,०००।- | कार्यालय/ सोझै खरिद | १५,६४,९२६।- | राजश्व बाँडफाँड-नेपाल सकार नगद | |
| | | | | २. | कृषि सुधार कार्यक्रम | | १,२०,०००।- | कार्यालय | | | गत आ.ब.को दायित्व |

प्रस्ताव नं. ६ :- आ.व. २०८०।०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना सञ्चालन सम्बन्धमा ।

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०८०।०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको थप आयोजना र गाउँसभाबाट स्वीकृत भएका आयोजनाहरु प्राविधिक लागत अनुमान अनुसार सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल-:

| क्रसं | आयोजनाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १. | कालिकापुर आधारभुत विद्यालय पछाडी अविनास थापा मगरको घरदेखि उत्तर रोडा खोला सम्म जाने बाटोमा नाला निकासा सहित बाटो निर्माण | २ | |
| २. | खर्गौली प्रशाखा कुला मर्मत | २ | |
| ३. | दक्षिण बढरिया मदारुदिन जागाको घर देखि सेमराहान राम बहादुर चौधरीको नाली निकास सहित बाटो चौडा | २ | |
| ४. | पालकोटमा पदम न्यौपानेको घर देखि दक्षिण खुण्डी नाला सम्म ढल निकास सहित बाटो चौडा । | २ | |
| ५. | नयाँ लायकपुर पारी कृष्णी चौधरीको घरदेखि टेतराम कठरीयाको घरसम्म पर्ने सडक मर्मत | ३ | |
| ६. | भगतपुर उदय चौधरीको घरदेखि भित्र जाने सडक मर्मत | ३ | |
| | झनक बहादुर विकको घर देखि डुडेझारी रोड सम्म नाला निकास | ६ | |
| ७. | बल बहादुर चौधरीको घरदेखि भदुवा कठरियाको घरहुदै कुलरिया नदीको छेउसम्म बाटो रेखाङ्कन | ८ | |
| ८. | निरु सुनारको घर देखि गंगा सुनारको घरसम्म जोडने बाटो मर्मत | ९ | |

आदित्य चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८०।१०।२५
गणेश चौधरी
अध्यक्ष

प्रस्ताव नं. ७ :- आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँ कार्यपालिका समक्ष विभिन्न मितिमा प्राप्त हुन आएका आर्थिक सहयोग सम्बन्धी निवेदन तथा सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :-

| सि.न. | व्यक्ति/संस्थाको नाम, ठेगाना | आर्थिक सहयोग रकम रु. | बजेट श्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | पुजा गिरी, जानकी-८ | १०,०००।- | अन्य सामाजिक सहायता खर्च शिर्षक | ANFA को U-16 राष्ट्रिय महिला टोलीको बन्द प्रशिक्षणमा छनौट भएको हुँदा निजहरुलाई यातायात खर्च र खाना बस्न व्यवस्थापनका लागि आर्थिक सहयोग । |
| २. | एलिजा कुमारी वि.क., जानकी-९ | १०,०००।- | | |
| ३. | सुवर्नी देवी थारु | २०,०००।- | | निजको पतिको मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएको र घरको आर्थिक अवस्था ज्यादै कमजोर भएकोले क्रियाखर्च । |

प्रस्ताव नं. ८ :- आर्थिक सहायता गर्ने सम्बन्धमा ।

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस जानकी गाउँपालिका वडा नं. ०१ दुर्गौली बस्ने बुवा स्व. श्री मोहन बहादुर सापकोटा र आमा श्री लक्ष्मी देवी सापकोटाको छोरा श्री नविन सापकोटा (ना.प्र.नं. ६७२०४१/६२९५१, जारी मिति:२०७३/०२/०२, जारी जिल्ला: कैलाली) चिकित्सा शिक्षा आयोगद्वारा संचालित एम.बि.बि.एस. को एकीकृत प्रवेश परीक्षामा उत्तीर्ण भई MBBS अध्ययनको लागि छात्रवृत्तिमा छनौट हुनु भएको र निजको घरको आर्थिक अवस्था कमजोर रहेकोले MBBS अध्ययनका लागि आवश्यक पाठ्यसामग्री किन्नको लागि मिति २०८०/१०/२८ गते यस कार्यपालिका समक्ष निवेदन पेश गर्नु भएकोले निजको अध्ययनमा सहयोग गर्न पाठ्य समाग्री किन्नको लागि अन्य सामाजिक सहायता खर्च शिर्षक रकम रु. २०,०००।- (अक्षेरुपी बीस हजार मात्र ।) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

२०८०/१०/२८
गणेश चौधरी
अध्यक्ष

उमेश चौधरी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ९ :- आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यान्वयन गर्ने सम्बन्धमा ।

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा पूँजीगत क्षेत्र पूर्वाधार विकासको प्रगति तथा आवश्यकतालाई मध्येनजर गरी पूंजीगत क्षेत्र पूर्वाधार विकास तर्फको आयोजना कार्यान्वयन गर्न आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :-

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| सा. क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभाबाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरुका लागि बाँकी रकम रु. | कैफियत |
| १. | पिपल चौतारा देखि जमरा टोल हुँदै तीन डुँड सुवर्णपुरसम्म कालोपत्रे | १०,८४,२९०।३२ | १. | डुडेझारी टीकापुर सडक खण्डको महेन्द्र हाईवे देखि धर्मापुर कुलासम्म सडक ग्राभेल गर्ने कार्य । | जानकी-६, ८ र ९ | ९६,०००।- | कार्यालय/ सोझै खरिद | ९,८८,२९०।३२ | |
| २. | फर्निचर तथा फिक्चर्स | ३४,५१,०००।- | २. | ९ नं. वडा कार्यालय पार्टीसन गरी दर्ता चलानी कक्ष निर्माण | जानकी-९ | ६३,०००।- | कार्यालय/ सोझै खरिद | ३३,८८,०००।- | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत